# आमचोक गाउँपालिका
# गाउं कार्यपालिकाको कार्यालय
बालांखा, भोजपुर
२०७३

## सार्वजनिक सुनुवाई सूचना

प्रकाशित मिति: २०८२/०२/०२

आयोजनाको नाम: आमचोक गाउँपालिका वडा नं. २ अप्ठेरे गैडा क्षेत्रमा रहेको भरौटे माटो (मिक्स गिट्टी) खानी क्षेत्र, वडा नं. ८ भई बग्ने अकुवा खोला, कोशी कोरिडोर पर्कुवा क्षेत्र भई बग्ने दुधकोशी नदी र वडा नं. १० को .रानीटार भई बग्ने दुधकोशी नदी दोभान बगरक्षेत्र, वडा नं. ६, बयाङ बजार छेऊ जंगल, पसल भन्ज्याङ बयाङ वीचको खण्ड र वडा नं. ४ र १० को तारेभिर आसपास ।

प्रस्तावक: आमचोक गाउँ कार्यपालिकाको कार्यालय, बालांखा, भोजपुर ।

प्रस्तावित यस उत्खनन् कार्य गर्दा आयोजना प्रभावित क्षेत्रको १. भौतिक प्रणाली २. जैविक प्रणाली, ३. आर्थिक तथा सामाजिक प्रणाली, ४. सास्कृतिक प्रणाली, ५. मानवीय कियाकलाप, यीनका अवयवहरुको अन्तरक्रिया तथा अन्तरसम्बन्धमा के कस्तो प्रभाव पर्दछ भन्ने सवालहरुका बारेमा प्रस्ताव कार्यान्वयन हुने क्षेत्रका सरोकारवालाहरुसँग राय सुझाव लिनुपर्ने भएकोले वातावरण संरक्षण नियमावली, २०७६ का अनुसार यो सार्वजनिक सुनुवाई कार्यक्रमका लागि सूचना प्रकाशित गरिएको छ । सोही सम्बन्धी निम्न मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रमहरू संचालन गर्न लागिएको छ ।

| स्थान | मिति | समय |
|---|---|---|
| आमचोक गाउँपालिकाको नँया सामुदायिक भवन, बालंखा, भोजपुर | २०८२।०२।०८ गते | विहान ११:३० बजे |

उक्त प्रस्ताव कार्यान्वयनबाट पर्न सक्ने प्रभाव गाउँपालिका, वडा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाले माथि उल्लेखित सार्वजनिक सुनुवाईमा उपस्थित भई वा यस नगरपालिकाको इमेलमा वा गाउँपालिका परिसरमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आई पुग्ने गरी राय सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ ।

राय सुझाव पठाउने कार्यालयको नाम र ठेगाना

**आमचोक गाउँ कार्यपालिकाको कार्यालय, बालांखा, भोजपुर ।**

फोन नं.: ९८५२०८१३३६, वेबसाइट www.aamchowkmun.gov.np ईमेल: info@aamchowkmun.gov.np

२०८२/२/२